प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग

# प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/ ०९/ ०७**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्गको चालू आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक / फार्म / कम्पनी / समूह /समिति र सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८/०९/२१ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| सुचना नं. | कार्यक्रमहरुको नाम | ईकाइ | कार्यक्रम को लक्ष्य | बजेट (रु.लाखमा) | अनुदानका सिमा र मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| व.उ.शि.नं. ३१२०००१२ कृषि उत्पादन,खाद्य तथा पोषण सुधार कार्यक्रम | | | | | | | |
| ०७८/७९-१ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | ६० | दुधमा प्रति लिटर २/- रुपैया, खसीको मासुमा प्रति के.जी. २५/- रुपैया राँगो प्रति के.जी. १५ रुपैया वंगुरको मासुमा प्रति के.जी. २० रुपैया र माछा प्रति के.जी.१० रुपैया अनुदान दिइने | दुध/मासु खपत तथा विक्रीको रेकर्ड | कार्यविधि अनुसार तोकिएको मापण्ड पुरा गरेको सहकारीले आवेदान दिनु पर्ने |
| ०७८/७९-२ | कोभिड विशेष मागमा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम (अन्य) | पटक | १ | २५ | विगत ३ वर्ष देखी एकाघरको सदस्यले कुनै अनुदान नपाएको साना कृषकलाई प्राथमिकता दिईनेछ<br>कम्तिमा दुहुनो गाई वा भैसी २ वटा, भेडा,बाखा तथा वंगुर ५ वटा, स्थानियकुखुरा १०० गोटा, माछा २०० देखी ५०० वर्ग मिटर जलाशयमा पालन गरेको वा योजना भएको ।<br>प्रत्येक स्थानियतहमा ५ वटा कार्यक्रम संचालन हुने । कुनै स्थानियतहबाट मापदण्ड बमोजिम माग नभएमा थप कार्यक्रम अन्य स्थानियतहमा संचालन हुने। | पशुपन्छी तथा मत्स्य पालन व्यवसायको उत्पादन,प्रशोधन तथा बजारीकरणका लागी सहयोग पुग्ने | कार्ययोजना अनुसार अधिकतम ५० प्रतिशत वा वढीमा रु. ५० हजार मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलव्ध गराइने। |
| ०७८/७९-३ | ग्रामीण कुखुरापालन विस्तार कार्यक्रम | पटक | २ | १० | स्थानियतहको समन्वयमा विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाती र अन्य) मा प्राथमिकता दिइने छ । समुहबाट आवेदन हुनुपर्नेछ। कुखुरा पालक २५ जना कृषकहरुको समुह हुनुपर्ने छ । | खोर सुधार वा निर्माण, पोषण आहारा व्यवस्थापन, खोप,चल्ला वितरण | समूहको कम्तिमा १५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ । खर्चको विवरण अनुसुचि ३३ अनुसार हुनेछ । |
| व.उ.शि.नं. ३१२०००१४ मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | | | | | | | |
| ०७८/७९-४ | जिउदो माछा विक्री वितरण स्टल निर्माण/सुधार | संख्या | २ | ८ | जिउदो माछा विक्री वितरण गर्ने निजी व्यवसायी/समूह/समिती/सहकारीलाई प्रथमिकता दिइनेछ ।<br>आवेदकले दैनिक कम्तिमा ५० के.जी. माछा विक्री वितरण गरेको वा गर्नु पर्नेछ । | जिउदो माछा विक्री वितरणको लागी आवश्यक पूर्वाधार तथा सामाग्री उपकरण खरिद | स्वीकृत वजेटको परिधी भित्र रही भौतिक पूर्वाधार निर्माण/सुधार तथा आवश्यक सामाग्री खरिदमा कुल लागतको ५० प्रतिशत अनुदान |
| ०७८/७९-५ | मत्स्य व्यवसायिका लागी यान्त्रीकरणमा सहयोग | पटक | १ | ५ | मत्स्य व्यवसाय गरेको कृषकहरु।<br>कम्तीमा १ हे. जलाशय भएको | मत्स्यमा प्रयोगहुने मेशिनरी | प्रति कृषक वढिमा १ लाख वा ५० प्रतिशत जुन कम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सामाग्रीहरु | हुन आउछ । |
| व.उ.शि.नं. ३१२०००१७ अभियानमुखी मिशन कार्यक्रम | | | | | | | |
| ०७८/७९-६ | माछा मिशन कार्यक्रम | पटक | १ | ५० | जलाशय क्षेत्र ३ कठ्ठा भन्दा वढी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्ने ।<br>नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए कम्तिमा १० वर्षको र सार्वजनिक जग्गाको हकमा ५ वर्षको सम्झौता भएको | नयाँ पोखरी निर्माण गर्नु पर्ने । | स्वीकृत वजेटको परिधि भित्र कार्ययोजना तयार गरी जलाशयको क्षेत्रको कुल लागत खर्चको अधिकतम ५० प्रतिशत अनुदान रकम वा प्रति हेक्टर रु. अधिकतम ५ लाख दिन सकिने । |
| व.उ.शि.नं. ३१२०००१८ कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | | | | | | | |
| ०७८/७९-७ | मिल्क एनालाईजर वितरण | संख्या | ५ | ६ | प्रस्तावकले दैनिक रुपमा ४०० लि. दुध संकलन भएको हुनुपर्ने।<br>निजी डेरी/दुग्ध समूह/सहकारी/संघ संस्था/डेरी उद्यमी/कम्पनीले साझेदारी गर्न सक्नेछन । | कम्प्यूटर सहितको मिल्क एनालाईजर सेट खरिद गर्ने । | स्वीकृत बजेटको परिधीमा रही कुल लागतको ५० प्रतिशत अनुदान दिइने । |
| ०७८/७९-८ | च्यापकटर वितरण अनुदान | | १५ | ३.७५ | व्यवसायिक पशु पालन गरेका कृषक/समूह/सहकारी/निजी फर्महरु | स्पेशिफिकेसन अनुसारको प्रस्तावकले च्यापकटर खरिद गर्ने | स्वीकृत कार्यक्रम बजेटको परिधीमा रही ५० प्रतिशत वा अधिकतम २५ हजार लागत साझेदारीमा |
| ०७८/७९-९ | गुइठा व्यवस्थापनको लागी बायोग्याँस सहितको भकारो सुधार कार्यक्रम | पटक | २ | ४० | कम्तीमा २ वटा गाई भैसी पालेको कृषक ५ देखी २५ घर घुरी भएको समूह गठन भएको कलष्टर हुनुपर्ने | गोवर ग्यास निर्माण,भकारो सुधार,मलमुत्र व्यवस्थापन | स्वीकृत वजेटको परिधी भित्र रही प्रति कृषक परिवार अधिकतम ५० प्रतिशत वा ८० हजार अनुदान |
| ०७८/७९-१० | व्यवसायिक बंगुर उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | १ | १६ | फर्म/उद्यमी कृषकले कम्तिमा १० वटा माउ बंगुर पालन गरेको हुनुपर्ने । | कार्यविधि अनुसार | कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उद्यमीको लगानी हुनुपर्ने ।<br>प्रति आयोजना अधिकतम रु. २ लाख अनुदान दिईने । |
| ०७८/७९-११ | बाखा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ८ | फर्म/उद्यमी कृषकले कम्तिमा २५ वटा माउ बाखा पालेको हुनुपर्ने ।<br>अभिलेख अनुसूची ५ बमोजिम राख्नु पर्ने । | कार्यविधि अनुसार | कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उद्यमीको लगानी हुनुपर्ने ।<br>प्रति आयोजना अधिकतम रु. २ लाख अनुदान दिईने । |
| ०७८/७९-१२ | व्यवसायिक रुपमा पाडापाडी हुर्काउने प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ | फर्म/उद्यमी कृषकले मासु उत्पादनका लागी पाडा वा प्रजननका लागी उच्च उत्पादन क्षमत भएका ३० गोटा पाडा | कार्यविधि अनुसार | स्वीकृत वजेटको परिधी भित्र रही प्रति आयोजना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वा पाडी पालेको हुनुपर्ने ।<br>समूह सहकारी कम्पनीको हकमा ५० पाडा वा पाडी पालन गरेको हुनुपर्ने ।<br>अभिलेख अनुसूची ९ अनुसार राख्नु पर्ने। | | अधिकतम रु. २ लाख अनुदान वा फर्म वा उद्यमीको कुल लागतको कम्तिमा ५० प्रतिशत लागत हुनुपर्ने |
| ०७८/७९-१३ | स्वच्छ,स्वस्थ दुध व्यवस्थापनकालागी स्टेनलेस स्टिल मिल्क क्यान वितरण | संख्या | ६० | ७.२ | दुग्ध उत्पादक फर्म/कृषकहरु सहभागी हुनेछन ।<br>दुग्ध उत्पादकले दैनिक कम्तीमा २० देखी ४० लि. दुध उत्पादन गरेको हुनुपर्ने | स्टिलेस स्टिल मिल्क क्यान २० देखी ४० लिटर को खरिद गर्नु पर्ने | स्वीकृत बजेटको परिधी भित्र रही कुल लागतको बढिमा ७५ प्रतिशत अनुदान प्रदान गर्न सकिने । |
| ०७८/७९-१४ | गाई भैसी प्रर्वद्धन कार्यक्रम | पटक | १ | २० | फर्म/उद्यमी कृषकले कम्तिमा ५ माँउ गाई वा भैसी पालेको हुनुपर्ने | कार्यविधि २०७८ अनुसार | स्वीकृत बजेटको परिधिमा रही प्रति आयोजना अधिकतम भैसीकालागी रु. २ लाख र गाईका लागी रु.१लाख अनुदान कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उद्यमीको लगानी हुनुपर्ने |
| ०७८/७९-१५ | ५० प्रतिशत अनुदानमा चिलिङ्ग भ्याट वितरण कार्यक्रम | संख्या | ६ | ४५ | प्रस्तावक (निजी डेरी/दुग्ध समूह/सहकारी/डेरी उद्यमी/कम्पनी) ले दैनिक कम्तिमा ५०० लि. दुध संकलन भएको वा हुने संभावना भएको हुनुपर्ने । | चिलिङ्ग भ्याट न्यूनतम १००० लि. दुध चिस्यान केन्द्रको पानी र फोहर व्यवस्थापन आदी । | स्वीकृत बजेटको परिधि भित्र रही कुल लागतको ५० प्रतिशत अनुदान रकम प्रदान गर्न सकिने । |

संलग्न गर्नु पर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन ।
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपी ।
३. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी ( समूह/निजी फर्म/कम्पनी/सहकारी ) ।
४. कार्यक्रम संचालनको लागी कार्ययोजना सहितको प्रस्ताव ।
५. स्थायी लेखा नंम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
६. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नंम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
७. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गाधनी दर्ता प्रमाण-पूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्षको करार पत्र ।
१०. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी ।
११. दोहोरो अनुदान नलिएको स्वःघोषणा पत्र ।
१२. प्रतिफलमा आधारित अनुदानको हकमा गत ब.ब.को लेखा परिक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।

पुनश्चः कार्यक्रम अनुसार कार्यविधिहरु फरक हुने हुदा सोही बमोजिकको अनुसूची भर्नु पर्नेछ ।आवश्यक कागजात, अनुसुची तथा सचालन मापदन्ड यस कार्यालयको वेभसाईट dang.vethos.gov.np बाट प्राप्त गर्न सकिने छ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८२-५६००२१ मा सम्पर्क गर्न सकिने छ ।

सुदाम भट्ट
नि.कार्यालय प्रमुख